STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १६ गते मंगलबार ❑ 2 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मिडिया विधेयक पत्रकारको हितमा हुने गरी ल्याउछौं: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मिडिया विधेयक पत्रकारको हकहितमा हुने गरी ल्याउने बताए ।

नेपाल पत्रकार महासंघ कास्की शाखाले सोमबार पोखरामा आयोजना गरेको नेपालीहरुको महान पर्वहरुको अवसरमा आयोजनागरेकोशुभकामनाआदान प्रदान तथा चियापान कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारले मिडिया विधेयक ल्याउदा पत्रकारहरुसंग प्रयाप्त छलफल गरी पत्रकारकै हितमा हुने गरी ल्याउने बताएका हुन् ।

आफुहरु कहिले पनि मिडियाको बिरुद्ध नभएको दाबी गर्दै मुख्यमन्त्री पोखरेलले पत्रकारको भावना एकता होस भन्ने भावले प्रदेश सरकारले पत्रकारलाई विभिन्न सहयोग गरेको जनाए । पत्रकारले कुनै सरकारको



तारिफ गर्नु भन्दा त्यसको तथ्यमा आधारित भई चर्चा परिचर्चा गर्न उनले आग्रह गरे । देशको नयाँ राजनीति घटना क्रमले गर्दा मुख्यमन्त्रीको अवसर प्राप्त भएकोमा खुसि व्यक्त गर्दै मुख्यमन्त्री पोखरेलले यो सरकारले हिजोको दाहित्व वहन गर्दै प्रदेशबासीको मानविय भावनालाई बुझ्ने बताए । लोकतन्त्रको अपरिहार्य पूर्ण प्रेस स्वतन्त्रता रहेको उनको भनाई थियो । कार्यक्रममा गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले देशमा हाल देखा परेको राजनीति संकट टार्न राष्ट्रिय एकता गर्न जरुरी रहेको बताए । अङ्कार र दम्भको कारण देशमा अस्थिरता निम्तिको दाबी गरे । मन्त्री बरालले समाजवाद उन्नमुख संघिय लोकतान्त्रिक गाणतन्त्रको राज्य प्रणालीको अभ्यासमा रहेको उल्लेख गर्दै अब सवै क्षेत्र गम्भिर हुनु आवश्यक भएको जनाए । न्यायलयमा देखा परेको अराजकता सहित देशमा हिजोआज धेरै क्षेत्रमा हराजकता भएको बताउदै मन्त्री बरालले देशमा अराजकताको बिजारोपण कहिलेबाट भएको त्यसको हेक्का राख्न समेत जरुरी रहेको जनाए । संघीय लोकतान्त्रिक गाणतन्त्रको राज्य प्रणालीको व्यबस्था संरक्षण गर्न आवश्यक भएको बताउदै मन्त्री बरालले आरोप प्रत्यारोप गरेर मात्र अब नहुने जनाउनु भयो ।

प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले पत्रकार र समाजलाई असर नपर्ने गरी मिडिया विधेयक ल्याउने पक्षमा आफुहरु रहेको बताउनु भयो । महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा एमाले कास्कीका अध्यक्ष एवं प्रदेश सांसाद कृष्ण थापा, काग्रेंस कास्कीका सभापति कृष्ण केसी, महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, सचिव माधव बराल लगायतले शुभकामना आदान प्रदान गर्दै मिडियाको बारेमा चर्चा गरेका थिए ।

## जलवायु परिवर्तनका कारकतत्वको न्यूनीकरणमा मानव जाति सचेत हुनुपर्छ : राष्ट्रपति भण्डारी

**रासस**
**मनाङ, १५ कार्तिक**

राष्ट्रपति विद्यादेवी भण्डारीले जलवायु परिवर्तन र वातावरणलाई प्रत्यक्षरुपमा असर गर्ने कारकतत्वको न्यूनीकरणका लागि मानव जाति सचेत हुनुपर्ने बताउनुभएको छ ।

सोमबार मनाङमा एग्रो मनाङ प्रालि स्याउ फार्मको अवलोकनपछि सफा रहेको मनाङको वातावरणीय स्वच्छतालाई जोगाइराख्न र जलवायुपरिवर्तनका कारकतत्वको पहिचान गरी तिनको न्यूनीकरण गर्न स्थानीयवासीको मुख्य भूमिका रहने बताउनुभयो ।

वातावरणीय सन्तुलन कायम राख्न वनजङ्गल र वनस्पतिको महत्वपूर्ण योगदान रहने भन्दै यसका लागि मानव जातिको मुख्य भूमिका रहेको र सबैले मिलेर वातावरण जोगाएमात्र मानव जातिको अस्तित्व जोगिन्छ भन्ने चेतना र अठोटका साथ लाग्नुपर्ने राष्ट्रपति भण्डारीले बताउनुभयो ।

गत असार १ गते आएको बाढीपहिराका कारण हिमाली जिल्ला मनाङलाई तहसनहस बनाउँदा दुखित तुल्याएको उहाँले बताउनुभयो । "मौसम अनुकूलताका आधारमा गरिएको खेती तथा व्यवसायले व्यक्ति



र देशलाई आर्थिक समृद्धितर्फ अगाडि बढाउन सहयोग पुग्ने राष्ट्रपति भण्डारीले बताउनुभयो ।

विश्वभर जलवायु परिवर्तनले असर गरिरहेको अवस्थामा नेपाल पनि अछुतो नरहेको बताउँदै राष्ट्रपति भण्डारीले यसका कारकहरूको न्यूनीकरणमा लाग्न सबैलाई आग्रह गर्नुभयो ।

जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्ष देखिएको उहाँले बताउनुभयो । जलवायु परिवर्तनले हिम रेखामाथि सर्दै गएको र यसलाई यथास्थितिमा कायमै राख्न यहाँ मौसम अनुकूलनका उत्पादन र प्राकृतिक सम्पदाको संरक्षणमा ध्यान पुऱ्याउनुपर्ने देखिएको उहाँको भनाइ थियो । हिमाली क्षेत्रमा उत्पादन हुने वस्तु र प्राकृतिक वस्तुको संरक्षणमा यहाँका बासिन्दाले प्राथमिकता दिनुपर्नेमा उहाँको जोड थियो ।

विश्वका ठूला देशहरूका कारण त्यसको असर हामीले भोग्नुपरिरहेको छ भन्दै राष्ट्रपति भण्डारीले मानव जातिकै लागि हामीहरूले पनि विश्वलाई सचेत गराइरहनुपर्ने बताउनुभयो ।

उहाँले आजदेखि स्कटल्याण्डमा सुरु हुन लागेको जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन र त्यसमा नेपालको प्रतिनिधित्वको स्मरण पनि गर्नुभयो । यस्ता सम्मेलनमार्फत् हामीले पनि हाम्रा हिमाली बस्ती मात्र नभएर देशमा जलवायु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मानवीय सेवामा रेडक्रसको भूमिका महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले मानवीय सेवामा रेडक्रसको भूमिका महत्वपूर्ण रहँदै आएको बताउनुभएको छ ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाद्वारा आज पोखरामा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै उहाँले मानवीय सेवामा रेडक्रसले उल्लेखनीय भूमिका निर्वाह गर्दै



आएको बताउनुभयो । उहाँले भन्नुभयो, "परोपकारी संस्थाका रूपमा परिभाषित रेडक्रस जहाँ दुख छ, त्यहाँ पुग्ने गरेको छ । भूकम्पका बेला होस् या अन्य प्राकृतिक विपत्का समयमा रेडक्रस सधैँ अग्रस्थानमा रहने गरेको छ ।" कोभिडका समयमा सबै क्षेत्र ठप्प हुँदा एम्बुलेन्स सेवा र रगत अभावलाई परिपूर्ति गर्न रेडक्रसले पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताउँदै उहाँले 'हरेक क्षेत्र ठप्प हुँदा पनि रेडक्रस समाज सेवामा समर्पित रहेको बताउनुभयो । प्रदेश सरकारले रेडक्रसलाई निरन्तर रूपमा सहयोग गर्दै आइरहेको र आगामी दिनमा पनि आवश्यकताअनुसार सहयोग गर्ने प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री थापाले रेडक्रसको पोखरा-८ सिर्जनाचोकमा निर्माणाधीन अत्याधुनिक सुविधा सम्पन्न ब्लड बैंकका लागि भवन निर्माणमा देखिएका समस्यालाई सम्बोधन गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा रेडक्रस सोसाइटी गण्डकीका सभापति सूर्य ढकालले विपत्का समयमा काम गर्ने संस्था रेडक्रस सरकारको साझेदार भएको उल्लेख गर्दै शिक्षा, स्वास्थ्य, खानेपानीको क्षेत्रमा रेडक्रसले काम गरिरहेको जानकारी दिनुभयो ।






## भाइटीका कात्तिक २० गते ११:०२ बजे उत्तम साइत

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने नेपाली हिन्दुहरूको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार मंगलबारदेखि शुरु गरिँदैछ । कात्तिक २० गते शनिबार भाइटीका लगाउनुपर्ने समितिले जनाएको छ ।

यस दिन बिहान ११ : ०२ बजे भाइटीकाको उत्तम साइत रहेको समितिका अध्यक्ष अधिकारीले सुनाउनुभयो । सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउनु पनि शास्त्रसम्मत् नै हुने समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमा टीका लगाउनुपर्छ । भाइपूजा र नेवारी भाषामा किजापूजा कात्तिक २० गते नै गरिन्छ । बेलुकी सूर्यास्त नभएसम्म भाइटीका लगाउन कुनै समस्या नरहेको समितिले जनाएको छ । झिलीमिलीको चाड पनि भनिने तिहारका अवसरमा एक हप्ता अघिदेखि नै राजधानीलगायत प्रमुख शहरमा थरी थरीका बत्ती बाल्न शुरु भइसकेको छ ।

**leadership mentoring programme**

A year-long mentorship programme for young women in Nepal to enhance leadership skills

Australian Government · BRITISH COUNCIL · British Embassy Kathmandu · EUROPEAN UNION · Embassy of Switzerland in Nepal · UNDP · unicef for every child · UNITED NATIONS NEPAL · USAID

**Deadline: Tuesday, 16 November 2021, 23:59 NPT**
**To Apply: bit.ly/3ALJ1XL**

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरूको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरुलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरुले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरुका प्रमुखहरुबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरुलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (**Nicola Pollitt**)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (**Felicity Volk**)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (**Nona Duprez**)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (**Elisabeth von Capeller**)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (**Sepideh Keyvanshad**)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (**Shahida MacDougall**)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (**Sara Beysolow Nyanti**)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (**Elke Wisch**)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागान्गोडा- लाबे (**Ayshanie Medagangoda–Labe**)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया **www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal** मा जानुहोस्।

# स्याङ्जाका सिडियोको चासो राजमार्ग संरक्षणमा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १५ कार्तिक**

जिल्ला प्रशासन कार्यालयको पहलमा सिद्धार्थ राजमार्ग संरक्षणमा स्याङ्जावासी जुट्ने भएको छ। बर्षाद र बेमौसमी बर्षादका कारण सडकमा क्षती भएपछि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले यो अभियानको थालनी गरेको हो।

जिल्ला प्रशासन कार्यालय स्याङ्जामा भर्खरै सरुवा भएर आएका प्रमुख जिल्ला अधिकारी राजु प्रसाद पौडेलले समन्वय गरी राष्ट्रिय राजमार्ग बचाउमा सबै जुट्न अभियानको शुरुवात गरेका हुन् । स्याङ्जा जिल्ला भित्र करिव ८० किलोमिटर रहेको सिद्धार्थ राजमार्ग संरक्षण गर्नुपर्ने देखेपछि प्रजिअले यो अभियान चलाउन लागेका हुन् ।

सडक डिभिजन कार्यालय पोखरा, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी, नेपाली सेना, जिल्लाका ११ वटै पालिका र जिल्ला स्थित विभिन्न सामाजिक संघसंस्थाको सहभागितामा भएको बैठकले कार्त्तिक १७ गते राजमार्गमा भएका खाल्डाखुल्डी पुर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । राजमार्गले छोएका पालिकाहरुले आ–आफ्ना क्षेत्रभित्रपर्ने राजमार्गलाई सरसफाई देखि राजमार्गमा देखिएका खाल्डाखुल्डी पुर्न परिचालित हुने निर्णय भएको छ । देशकै पुरानो र तराई पहाड जोड्ने सिद्धार्थ राजमार्ग संरक्षणको अभावमा जिर्ण बन्दै गएको छ। राजमार्गबाट शाखा सडक खोल्दा आवातजावतमा समेत सवारी साधनलाई समस्या हुदै आएको छ।

अर्को तर्फ दुर्घट्ना पनि हुदै आएका छन्। यसलाई मध्य नजर गरेर प्रजिअ पौडेलले राजमार्ग संरक्षण गर्नु हामी सबैको दायीत्व भएकाले सबै स्याङ्जावासी र पालिकाहरुलाई आग्रह गरेका छन् । सोमवार बसेको जिल्ला स्थित समन्वय बैठकले सडक बचाउ अभियानको थालनी गर्ने निर्णय गरेका छन्। कार्त्तिक १७ गते कास्कीको सिमाना



कुभिण्डे देखि लुम्बिनी प्रदेशको सिमाना राम्दी सम्म यात्रु र सवारी साधनलाई आवागमनमा सहज बनाउन मर्मत सम्भार र खाल्डाखुल्डी पुर्ने भएको छ । शाखा सडकहरुको पनि सफाई र मर्मत गरिने गरी निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी हरी शर्माले जानकारी दिए । बैठकले प्रशासन, मालपोत र अन्य कार्यालयहरुमा गरिने सिफारीसमा आवश्यक कागतजात प्रमाणहरु संलग्न नहुदा सेवाग्राहीमा देखिएको कठिनाई प्रति ध्यान दिन निर्णय गरिएको छ। आवश्यक सुझाव र सिफारीमा कागतजात पुर्‍याएर सेवाग्राहीको सेवामा समस्या आउन नदिने निर्णय भएको सहायक प्रजिअ शर्माले बताए । बजार अनुगमनलाई निरन्तरता दिदै जिल्लामा अभियानका रुपमा संचालन भइरहेको राष्ट्रिय परिचयपत्रलाई आ–आफ्नै पालिकाबाट बाट संचालन गर्ने निर्णय भएको छ।

प्रजिअपौडेलले जनप्रतिनिधि र राष्ट्र सेवक कर्मचारी जनताको सेवामा खटिनुपर्ने दायीत्व भएकाले नागरिमैत्री बनेर सेवा प्रवाहमा लाग्न सुझाव दिए।

प्रजिअको जिम्मेवारी लिएर आएसगै पौडेलले पहिलो प्रथामिकतामा सिद्धार्थ राजमार्गमा यात्रा सहज रुपले हुनेपर्ने तर्फ ध्यानाकर्षण गरेका थिए । उनकै पहलमा बर्षैदेखी अलपत्र र निमार्ण हुन नसकेर असहज यात्रा गर्न बाध्य रहेको राजमार्गलाई सहज बनाउने काम गरेका थिए। यसको निरन्तरताका लागि उनले समन्वय बैठकबाट पनि राजमार्ग संरक्षण अभियानलाई प्रथामिकतामा राखेका हुन्। यो प्रयासको स्याङ्जावासी नागरिकले खुलेर प्रशंसा समेत गरेका छन् ।

# कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनको शुभकामना तथा सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनले विजयादशमी तथा दिपावलीको उपल्यक्षयमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

व्यवसायीकरुपमा सङ्लग्न रही व्यायम व्यवसाय सन्चालन गर्दै आएका व्यवसायी तथा पोखरेली खेलकुदप्रेमीहरु विच परीचय एव सम्मान कार्यक्रममा वोल्दै कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेश खेलकुल परिषदका सदस्य सचिव तेज गुरुङले खेलकुद क्षेत्रमा नया खेलडीहरु उत्पादन भइराख्नु पर्ने बताउदै पोखरा रङशालामा वडिबिल्डिङको लागी छिटै ठाउको व्यवस्था गर्न लागिएको बताए।

कार्यक्रममा कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनका अध्यक्ष राकेश जोशीले वडिबिल्डिङलाई नवौ राष्टिय खेलकुदमा उचित स्थान दिन र राष्टिय खेलको मान्यता दिन माग गरे। कार्यक्रममा कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनका निर्वतमान अध्यक्ष



राजकुमार थापा हेन्डवल्लका अध्यक्ष चित्र थापा टेकान्डो सघका कुमार गुरुङ अन्तराष्टिय खेलाडी सुरेश गुरुङ, कमल भण्डारी व्यवसायीको तर्फबाट, उत्तम उदाश लगाएतले कार्यक्रममा शुभकामना राखेका थिए । कार्यक्रममा राजकुमार थापा,आनन्द गुरुङ,जिवन घिमिरे,राकेश जोशी,नविन आले,राजु गुरुङ,शम्भु अधिकारी,सुनिल वहादुर कोइरला लगाएतलाइ बिषेश सम्मान गरिएको थियो।

कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनका अध्यक्ष राकेश जोशीको सभापतित्वमा भएको कार्यक्रममा स्वागत सचिव नविन आलेले गरेका थिए भने कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनका सहसचिव प्रकाश पौडेलले कार्यक्रम सन्चालन गरेका थिए। कार्यक्रममा प्रमुख अतिथिबाट स्थाका सम्पुर्ण पदाधिकारी तथा सदस्यहरूलाई संस्थाको परिचयपत्र वितरण गरिएको थियो । कास्की वडिबिल्डिङ तथा फिटनेस एसोशिएसनको अध्यक्षमा राकेश जोशी रहेका छन् भने प्रथम उपाध्यक्षमा शम्भु अधिकारी, द्वितिय उपाध्यक्षमा दिपक वास्तोला, सचिवमा नविन आले मगर, सहसचिवमा प्रकाश पौडेल कोषाध्यक्षमा मनोज केसी सदस्यहरुमा सुवास कडेंल, गोकर्ण कार्की, मौलाद्दिन मिँया, अदिती गुरुङ, निरज तिवारी, दिवा राना र मिलन थापा रहेका छन् ।

# 'सरकारले जनअपेक्षाका आधारमा काम गर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री कुमार खड्काले प्रदेश सरकारले जनताका समस्यालाई उच्च प्राथमिकता राखेर काम गरिरहेको बताउनुभएको छ।

महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिले सोमबार आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उहाँले वर्तमान गठबन्धन सरकारले जनमुखी काम गरेर प्रदेशलाई समृद्ध बनाउने गरी काम गरिरहेको बताउनुभयो।

मन्त्री खड्काले पोखरामा रहेका गुफा तथा पर्यटकीयस्थलको विकासका लागि प्रदेश सरकारले सम्भाव्यता अध्ययन गर्ने र छुट्टै अधिकार सम्पन्न समिति बनाएर काम थाल्ने तयारी गरिरहेको जानकारी दिनुभयो । महेन्द्र गुफाको



विकासका लागि सरकारले बजेट विनियोजन गरेको उल्लेख गर्दै उहाँले थप बजेटका लागि केन्द्र सरकारसँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गण्डकी प्रदेश अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले पर्यटकीय क्षेत्रको विकासका लागि सरकार गम्भीर रहेको स्पष्ट पार्दै पर्यटन क्षेत्रमा बढ्दो आर्थिक गतिविधिबाटै समृद्धि प्राप्त गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयका प्रमुख सिडिइ डा महेन्द्र बानिया, विन्ध्यवासिनी माविका सहायक प्रअ रामबहादुर बानिया, विन्ध्यवासिनी क्याम्पसका अध्यक्ष दानबहादुर बानिया, समितिका संयोजक गुरुदत्त भट्टराई, पोखरा-१६ का वडाध्यक्ष जीवनप्रसाद आचार्य, नेपाली कांग्रेसका वडा सभापति अमृत शर्मा तिमिल्सिना, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश सचिव यदुनाथ वञ्जरा, समाजसेवी गोविन्दबहादुर बस्नेत, समितिका सदस्य केशव बस्नेतलगायतले चाडपर्वले सामाजिक एकता र सद्भाव कायम गर्ने विश्वास व्यक्त गर्नुभयो।

# जलवायु...

परिवर्तनले पारेका प्रभावका बारेमा विश्वलाई जानकारी गराइरहनुपर्ने उहाँको धारणा थियो । राष्ट्रपति भण्डारी सोमबार मनाङ आउनुभएको थियो । उहाँले मनाङमा सांसद पाल्देन छोपाङ गुरुङको एग्रो मनाङ प्रालि स्याउ फार्मको अवलोकन भ्रमण गर्नुभयो । त्यसैगरी गत असारको वर्षाबाट मनाङका केही क्षेत्रमा भएको क्षति र सो बाढी प्रभावित क्षेत्रका बारेमा पनि उहाँले जानकारी लिनुभएको थियो । राष्ट्रपति भण्डारीले जलवायु परिवर्तनका कारण यस हिमाजी जिल्लामा देखापरेका समस्या र अवस्थाका बारेमा पनि जानकारी लिनुभएको थियो । प्रतिनिधिसभा सदस्य पोल्देन छोपाङ गुरुङले सञ्चालन गर्दै आएको एग्रो मनाङ प्रालि नेपालकै सबैभन्दा ठूलो स्याउ फार्म हो । यहाँ इटालीबाट बिरुवा ल्याएर गाला, फुजी, गोल्डेन जातका स्याउ लगाइएको छ। ७३५ रोपनी क्षेत्रफलमा उक्त फार्म सञ्चालनमा छ । स्थानीय सरकारका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख एवं सुरक्षा निकायका प्रमुखसँग राष्ट्रपति भण्डारीले यहाँको अवस्थाका बारेमा सामान्य सोधपुछ गर्नुभएको थियो।

# कास्कीमा राति १० बजेसम्म मात्र देउसी-भैलो खेल्न पाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

जिल्ला प्रशासन कार्यालय कास्कीले नेपालीहरूको दोस्रो ठूलो पर्व दीपावलीका अवसरमा खेलिने देउसी-भैलोलगायतका कार्यक्रम राति १०:०० बजेसम्म मात्र सञ्चालन गर्न पाइने जनाएको छ।

प्रशासनले आइतबार सूचना जारी गरी कोभिड-१९ रोगको सङ्क्रमणदर अपेक्षित घट्न नसकेको र यसको प्रकोप बढ्न सक्ने भएकाले सरकारले निर्धारण गरेको स्वास्थ्य मापण्ड पूर्णपालना गरी देउसी-भैलोजस्ता नाचगान कार्यक्रम राति १०:०० बजेसम्म मात्र सञ्चालन गर्न आदेश जारी गरेको छ।

यसैगरी देउसी-भैलो कार्यक्रम सार्वजनिक यातायात र जीवनलाई असर नपर्ने गरी मर्यादित र अनुशासितरूपमा सञ्चालन गर्नसमेत आग्रह गरिएको छ । प्रशासनले पटका, आतसवाजी, झिरझिरे, भुइँचम्पाजस्ता विष्फोटजन्य पदार्थ प्रयोग नगर्न र यस्ता पदार्थको निकासी, ओसार पसार एवं बिक्री वितरण नगर्न आग्रह गरेको छ । चाडपर्वका समयमा मादक पदार्थ सेवन गरी सार्वजनिक शान्ति र सुरक्षालाई असर पर्ने गरी सार्वजनिकस्थलमा होहल्ला गर्ने एवं झैझगडा गर्ने कार्यमा रोक लगाइएको प्रशासनले जनाएको छ। मठमन्दिर, गुम्बालगायतका धार्मिकस्थलमा अनावश्यक भीडभाड हुन नदिइ स्वास्थ्य मापदण्ड पूर्ण पालना गरी पूजापाठलगायतका अन्य क्रियाकलाप सञ्चालन गर्न पनि अपिल गरिएको छ।

# सहारा क्लवका सदस्यलाई दोश्रो डोजको कोरोना बिरुद्धको खोप उपलब्ध

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ कार्तिक**

गण्डकी प्रदेश सरकारको सहयोगमा पोखराको सहारा क्लवले आफ्ना सदस्यहरुलाई कोरोना बिरुद्धको दोश्रो डोजको खोप लगाएको छ।

क्लवले आफ्ना २ सय ३३ जना क्लवमा आबद्ध सदस्यहरुलाई कोरोना बिरुद्ध खोप लगाएको क्वलका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए । प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, पोखरा महानगरको स्वास्थ्य महाशाखा लगायतलाई क्लवले बिषेश धन्यवाद दिएको छ। क्लवले हरेक बर्ष जसो आहा रारा गोल्ड कप फुटवल प्रतियोगिता संचालन गर्दै आएको छ भने १४ जिल्लाका गरिव, विपन्न बर्गका २४ जना वालकहरु सहारा फुटवल एकेडेमीमा रहेका छन्।

हरेक बर्ष जसो क्लवले तिहार पर्वको अवसरमा देउँसी भैलो कार्यक्रम गर्दै आए पनि यस बर्ष कोरोनाको कारण नहुने भएको अध्यक्ष सुरजले जनाए।

# स्थलगत अवलोकनपछि मात्रै योजना कार्यान्वयनमा लैजान्छु : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ कार्तिक**

गण्डकी प्रदेश सरकारका वन वातावरण तथा भू-संरक्षण मन्त्री दीपक थापाले यसअघिको सरकारले गरेका राम्रा योजनालाई प्राथमिकता दिएर अगाडि बढ्ने बताउनुभएको छ।

प्रेस सेन्टर बागलुङ शाखाले आज बागलुङ बजारमा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले पृथ्वी सुब्बा गुरुङ नेतृत्वको सरकारले ल्याएका वन, वातावरण तथा भू-संरक्षणका राम्रा योजनालाई अगाडि बढाउने, असफल भएका योजनाको समीक्षा गर्ने र केही नयाँ योजना लागू गर्ने बताउनुभएको हो।

"अघिल्लो सरकारले गरेका राम्रा कामलाई निरन्तरता दिन्छु असफल योजनाको कारण खोतल्छु र नयाँ योजना लागू गर्ने योजनामा छु", मन्त्री थापाले भन्नुभयो, "अहिले नयाँ योजना




लागू गर्नुपूर्व जनताको माग र भावनालाई स्थलगतरुपमा नै समावेश गर्न जिल्ला भ्रमणमा निस्केको छु।" तीन दिने जिल्ला भ्रमणमा आउनुभएका उहाँले जिल्लाको थामानेटा, गलकोट, ढोरपाटन क्षेत्रलगायतको अवलोकन तथा जनतासँग भेटघाट गर्नुभएको थियो। मन्त्री थापाले स्थलगतरुपमा सबै जिल्लाको भ्रमण सकेपछि मात्रै योजना कार्यान्वयनमा लैजाने बताउनुभयो।

कृषि र धर्मलाई जोडेर पर्यटन क्षेत्रको विकासमा प्रदेश सरकार प्रतिबद्ध रहेको छ भन्दै उहाँले अघिल्लो सरकारले थालनी गरेको मुस्ताङमा कस्तुरी प्रजनन केन्द्र अघि बढाइनेसमेत जानकारी दिनुभयो।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# ढले एमालेका सबै सरकार

नेपाल कम्युनिस्ट पार्टी एमाले विभाजन पछि देशको प्रमुख पार्टी विपक्षमा पुगेको छ । सोमबार प्रदेश नं एकका मुख्यमन्त्री भीमप्रसाद आचार्यले राजिनामा दिएपछि सातै प्रदेशमा एमाले प्रतिपक्षमा पुगेको छ । संघीय संसदको ठूलो दल तीन वर्षपछि सर्वोच्च अदालतको परमादेशबाट सरकारबाट हट्नु परेको थियो । सघ र चारवटा प्रदेशमा एमाले नेतृत्वको सरकार थिए ।दुईवटा प्रदेशमा माओवादी नेतृत्वको प्रदेश सरकार एमालेको समर्थनमा बनेका थिए । नेकपा एमाले र माओवादी केन्द्र गठबन्धन गरि चुनावमा जाँदा सफलता पाएका थिए । गठबन्धन टुट्न सक्ने देखेर पार्टी एकता भएको थियो । संघ, प्रदेश र स्थानीय तहमा बलियो भएको कम्युनिस्ट पार्टीमा  आएको बिभाजनले काङ्ग्रेसलाई सत्तामा पुऱ्याउन सघाएको छ ।

काङ्ग्रेसले केन्द्र र दुईवटा प्रदेश सरकारको नेतृत्व पाएको छ भने दुईवटा प्रदेशमा केही महिनापछि सरकारको नेतृत्व पाउने सहमति भएको छ । एमाले फुटाउन सघाउने माधवकुमार नेपाललाई दुईवटा प्रदेशमा मुख्यमन्त्री दिइएको छाजनताले २०७४ को निर्वाचनपछि राजनीतिक वर्चस्व उँचो बनाएको एमालेमा ग्रहण लागेको छ । एमालेलाई जनताले अपार समर्थन गरेपनि नेताहरूको कुण्ठा, प्रतिशोध ,घमण्ड र ईर्सूयाले गर्दा वुर्जुवालाई सत्तामा पुऱ्याएका छन । विशेषगरी, २०७७ पुस ५ मा तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले पहिलोपटक संसद् विघटन गरेपछि एमाले सत्ताबाट ओर्लिने क्रम शुरू भएको हो । २०७४ को निर्वाचनमा एमाले र माओवादी केन्द्र गठबन्धन बनाएर निर्वाचनमा सहभागी भएका थिए । त्यसबेला निर्वाचनपछि दुई पार्टी एकीकरण गर्ने एजेण्डा लिएर चुनावमा गएका थिए । मतदाताले दुई पार्टी एकीकरण गर्ने एजेण्डा अनुमोदन गरिदिए । संघीय प्रतिनिधि सभामा दुई पार्टीको गरी १७१ स्थानमा जीत हासिल भयो ।

संघीय सरकार एमाले र माओवादीले बनाए । चुनावमा गरेको प्रतिबद्धता अनुसार नै २०७५ जेठ ३ मा पार्टी एकीकरण गरेर एउटै पार्टी नेकपा बनाए । एउटै पार्टीको शक्तिशाली सरकार बन्यो । सरकारमा तत्कालीन संघीय समाजवादी (उपेन्द्र यादव नेतृत्वको) पनि सहभागी भयो । दुईतिहाइ बुहमतको सरकार बन्यो । समृद्ध नेपाल, सुखी नेपालीको नारालाई व्यवहारतः कार्यान्वयन गर्नका लागि अनुकूल राजनीतिक वातावरण बनेको थियो । सातमध्ये ६ प्रदेशमा नेकपाको नेतृत्वमा सरकार थियो । त्यसमा पनि एमाले पृष्ठभूमिका नेता मात्रै  चारवटा प्रदेशको सरकार प्रमुख थिए । बागमती र प्रदेश-१ मा एमालेको एकल बहुमतको सरकार थियो ।

२०७७ फागुन २३ मा सर्वोच्च अदालतको फैसलाको कारण नेकपा पूर्ववत् एमाले र माओवादी केन्द्रको रूपमा ब्युँतियो । संसद् विघटनका कारण नेकपामा आएको विभाजन एमालेमा सऱ्यो । ओली र नेपाल बीचमा खटपट कायम रह्यो । यसपछि भने एमालेले सरकार गुमाउन शुरु गरेको हो । सबैभन्दा पहिले गण्डकी प्रदेशबाट पृथ्वी सुब्बा गुरूङ प्रदेश सरकारको नेतृत्वबाट बाहिरिए । लुम्बिनी प्रदेशमा शंकर पोखरेलको सरकार अनेक प्रयास गरेर हटाउने काममा विपक्षी गठबन्धन सफल भए । बागमती प्रदेशमा एमालेको एकल बहुमत थियो । एमालेमा विभाजन आएसँगै बहुमत गुम्यो ।

माधव नेपाल खेमामा रहेकी अष्टलक्ष्मी शाक्यलाई मुख्यमन्त्री बनाएर सरकार जोगाउने प्रयास ७१ दिनसम्म मात्रै टिक्यो । प्रदेश-१ मा पनि शेरधन राईलाई सरकारबाट हटाएर माधव नेपाल-झलनाथ खनाल पक्षमा रहेका भीम आचार्यलाई एमालेले मुख्यमन्त्री बनायो । उनले पनि सत्ता जोगाउन सकेनन् र ६९ दिन आचार्य सरकारको नेतृत्वबाट बाहिरिए । एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादी पार्टीले दुईवटा प्रदेशको सरकारको नेतृत्व गर्न सफल भएको छ । काङ्ग्रेसले कम्युनिस्टहरूलाई जुधाएर सरकारको नेतृत्व गर्न पाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मन चञ्चल | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गण्डकीमा २६७१ सहकारी, उद्यमशीलताको विकास हुँदै

– हरि बाँस्तोला
गण्डकी, १५ कार्तिक

गण्डकी प्रदेशमा २६७१ सहकारीमार्फत आर्थिक गतिविधि सञ्चालन भएको एक प्रतिवेदनले देखाएको छ । सहकारिताको मुख्य लक्ष्यका साथ देशभर सहकारी खोल्ने क्रम बढिरहँदा प्रदेशभित्र ठूलो सङ्ख्यामा सहकारी रहनुका साथै धेरै सर्वसाधारणको सहकारीमा आकर्षण बढेको पाइएको हो ।

सामान्य ऋण सहयोगका लागि साहुका घरघर गुहार्नुपर्ने बाध्यतालाई सहकारीले अन्त्य गर्नुका साथै त्यसबाट उद्यमशीलतामा समेत वृद्धि भएको पाइएको छ । प्रदेशमा सहकारीकै माध्यमबाट प्रत्यक्षरूपमा ७६३८ जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्षरूपमा ठूलो सङ्ख्याका सर्वसाधारण स्वरोजगार बनेको देखिन्छ । पछिल्लो समयमा कतिपय सहकारीको सङ्ख्यासमेत वृद्धि भएको छ । सहकारीकै माध्यमबाट बैंकको पहुँचमा पुग्न नसकेका व्यक्ति आत्मविश्वासका साथ आर्थिक गतिविधिमा संलग्न भएको जिल्ला सहकारी सङ्घ कास्कीका निवर्तमान अध्यक्ष सुदीप ढकालले जानकारी दिनुभयो । कास्की बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडले दुईदिने क्षमता अभिवृद्धि तालिममा उहाँले सहकारीको विकाससँगै समाजमा आर्थिक समस्याकै कारण पिछडिएका वर्ग र समुदाय ओझेलमा परिरहेको वास्तविकतामा यतिखेर उनीहरू निर्धक्कताका साथ आर्थिक गतिविधिमा सामेल हुने गरेको बताउनुभयो ।

राज्यका निर्दिष्ट कानुनको पालनका साथै सञ्चालकहरू जिम्मेवार नबन्दा कतिपय सहकारी धरासयी बनेको जनाउँदै उहाँले दुःख गरेर बचाएको सर्वसाधारणको पूँजीलाई सुरक्षित बनाउनु सञ्चालकहरूको कर्तव्य रहेको उल्लेख गर्नुभयो । सहकारी सङ्घका पदाधिकारी, सञ्चालक तथा विभिन्न उपसमितिका संयोजक तथा सदस्यका लागि आयोजित तालिमका सहभागीलाई प्रशिक्षण दिँदै उहाँले सहकारीले बचत सङ्कलन र ऋण प्रवाहभन्दा शेयर सदस्यको जीवनस्तर उकास्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

"गण्डकी प्रदेशमा दुई हजार ६७१ सहकारी संस्थामा कूल ११ लाख १६ हजार ६३२ शेयर सदस्यमध्ये छ लाख ४२ हजार १३० महिला तथा चार लाख ४७४५०५ जना पुरुष संलग्न रहेको प्रशिक्षक ढकालले बताउनुभयो । तथ्याङ्कानुसार प्रदेशमा कूल रु ८६ अर्ब सात करोड ४५ लाख ७१ हजार ६९३ निक्षेप सङ्कलन छ भने रु ८८ अर्ब ३७ करोड ८० लाख ६१ हजार ४३३ ऋण लगानी रहेको छ । रु १४ अर्ब ६७ करोड ३४ लाख ५७ हजार ६५३ स्थिर सम्पत्ति रहेको छ । मुलुकको सङ्घीय सरकारको मातातहतका १२५, प्रदेशअन्तर्गत छ हजार २०० र स्थानीय २३ हजार ७५९ गरी कूल ३० हजार ८४ वटा सहकारीमा ७३ लाख सात हजार ४६२ शेयर सदस्य रहेका छन् । जसमा महिलाको सङ्ख्या ५६ प्रतिशत रहेको छ । शेयर पूँजी रु ९४ अर्ब १० करोड ५० लाख १५ हजार ८०३, रु चार खर्ब ७७ अर्व ९६ करोड ११ लाख ४६ हजार ४७३ बचत सङ्कलन रहेको सहकारी संस्थामार्फत सदस्यहरूलाई रु चार खर्ब २६ अर्ब २३ लाख ११ हजार ३८१ लगानी भएको छ । सहकारीमार्फत मुलुकमा उद्यमशीलताको विकाससँगै ८८ हजार ३०९ जनाले प्रत्यक्ष रोजगारीसमेत प्राप्त गरेको तथ्याङ्कमा उल्लेख छ ।

कास्की बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष भेषराज बरालले तालिमबाट सिकेको ज्ञानलाई आफूआवद्ध रहेको सहकारीमा लागू गर्न सकेमात्र पनि तालिमले सार्थकता पाउने विश्वास व्यक्त गर्नुभयो । सहकारी संस्था नीति, विधिका आधारमा सञ्चालन हुनुपर्ने बताउँदै उहाँले एक सहकारी एक उत्पादन, एक व्यक्ति एक सहकारी अक्षरशः पालना गर्दै प्रत्येक सहकारीका सञ्चालकले लाभांश वितरणलाई भन्दा पनि सुरक्षित लगानीसँगै उद्यमशीलतामा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जिल्लाका कूल ६७० वटा सहकारीमध्ये ३६० भन्दा बढी पोखरा महानगरपालिकामा क्रियाशील रहेको बरालले जानकारी दिनुभयो । सहकारी संस्थाले आर्थिक गतिविधि चुस्तदुरुस्त गर्दै समयमा सम्बन्धित निकायमा विवरण पेशसहित आयकर भुक्तानी गरेर राज्यप्रति आफ्नो दायित्व पूरा गर्नुपर्नेमा लेखा प्रशिक्षक एवं सङ्घका पूर्व लेखा संयोजक रुद्रनाथ पौडेलको जोड थियो ।

माछापुच्छ्रे गाउँपालिका-६ रमणीयस्थल अस्तामस्थित अन्नपूर्ण इको भिलेजमा आयोजित अभिमुखीकरणमा सङ्घका उपाध्यक्ष श्रीकान्त ढुङ्गाना र शिक्षा समिति संयोजक रमेश कार्कीले सहकारी संस्थाहरूले शेयर पूँजीभन्दा पनि बचत सङ्कलन नीतिलाई अवलम्बन गर्नुपर्छ भन्नुभयो । कार्यक्रममा १६ जनाको सहभागिता थियो ।

# गण्डकीमा ३४ कोरोना सङ्क्रमणमुक्त

पोखरापत्र संवाददाता
गण्डकी, १५ कार्तिक

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ३४ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यस अवधिमा २३ सङ्क्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । थपिनेमा कास्कीका नौ, स्याङ्जाका आठ, तनहुँका दुई तथा नवलपरासीपूर्व, लमजुङ, गोरखा र म्याग्दीका एक/एक जना छन् ।

यस अवधिमा पोखरा महानगरपालिका-२६ का ५६ वर्षीय पुरुषको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार निजसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ३९६ पुगेको छ । निर्देशनालयको तथ्याङ्कअनुसार प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या ५२५ जना र होम आइसोलेशनमा ४२१ जना रहेका छन् ।

# जनताका आधारभूत आवश्यकतालाई ध्यान दिएर योजना बनाउनुपर्छ : श्रममन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
दमौली, १५ कार्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जनताका आधारभूत आवश्यकतालाई ध्यान दिएर स्थानीय तहले योजना बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

तनहुँ जिल्ला समन्वय समितिले सोमबार बन्दिपुर गाउँपालिका-५ याम्पामा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा उहाँले स्थानीय तहको योजना जनताको आवश्यकतामा केन्द्रित हुनुपर्ने बताउनुभएको हो । विकास निर्माणका सवालमा सबै राजनीतिक दलबीच सहमति र सहकार्य हुनुपर्नेमा जोड दिँदै मन्त्री श्रेष्ठले विकासका काममा राजनीति गर्न नहुने र समृद्ध तनहुँ बनाउन सबैले हातेमालो गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रतिनिधिसभा सदस्य कलिला खान, राष्ट्रियसभा सदस्य प्रकाश पथ, गण्डकी प्रदेशसभा सदस्य रामबहादुर गुरुङ, सरिता गुरुङ, जिल्ला समन्वय समिति प्रमुख शान्तिरमण वाग्ले, ब्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपाने लगायतले एक वर्षको अवधिमा भएका उपलब्धि र कार्यक्रम कार्यान्वयनमा भोग्नुपरेका समस्याबारे वार्षिक समीक्षा गोष्ठीले निश्कर्ष निकाल्ने बताउँदै स्थानीय तहले गरेका राम्रा कामलाई सञ्चारमाध्यमको सहयोगमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभयो ।

समीक्षा गोष्ठीमा ब्यास, शुक्लागण्डकी र भीमाद र भानु नगरपालिका तथा घिरिङ, देवघाट, बन्दीपुर, आँबुखैरेनी, ऋषिङ र म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले आ-आफ्नो पालिकाको वार्षिक प्रगति विवरण सार्वजनिक गर्नुभएको थियो ।

# एउटै व्यक्ति भएको सूचना



गण्डकी अञ्चल तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. ९ बस्ने भू.पू. नं. ०४३५४००३ वाई दर्जा नायक पल्टन ३ आसाम रेजीमेन्ट का सोमबहादुर थापा भन्ने व्यक्ति र सोमबहादुर सुनार भन्ने एउटै व्यक्ति हो र निजको श्रीमती सुन्तलीमाया थापा भन्ने व्यक्ति र जुठी सुनार भन्ने व्यक्ति पनि एउटै व्यक्ति हो भनि सम्बन्धित गा.वि.स.को च.न. १२३८ मिति २०५९/०३/०३ को पत्रवाट लेखि आएकोले सोही व्यहोरा सिफारिस गरिएको छ । साथै निजको तस्विर (जोडीफोटो) निम्नानुसार भएको व्यहोरा जानकारी गराईन्छ ।

# नयाँ मोदी र लाहाचोक सबस्टेशन निर्माण

पोखरापत्र संवाददाता
पर्वत, १५ कार्तिक

देउपुरबाट कास्कीको लेखनाथसम्मको नयाँ मोदी-लेखनाथ प्रसारण लाइनमा पर्ने नयाँ मोदी र लाहाचोक सबस्टेशनको निर्माण सम्पन्न भएको छ ।

पर्वतको मोदी गाउँपालिका-२ देउपुरस्थित नयाँ मोदी र कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ लाहाचोकस्थित सबस्टेशन तयार भएको हो । लाहाचोक सबस्टेशनको भने डेढ महिनापछि चार्ज गर्ने तयारी रहेको आयोजना प्रमुख रोशन अग्रवालले जानकारी दिनुभयो । मोदी गाउँपालिकाको देउपुरमा ६३ रोपनी क्षेत्रफलमा निर्माण भएको नयाँ मोदी सबस्टेशन १३२ केभी क्षमताको हो ।सबस्टेशनको सिभिल र इलेक्ट्रिकतर्फको सबै काम, कन्ट्रोल भवन, आवासगृह, पर्खाल, पहुँचमार्ग सबैको काम सम्पन्न भएपछि शनिबार चार्ज गरिएको छ । यसमा साविकको पोखरा-मोदी लाइनसमेत जडान गरिसकिएको उहाँले बताउनुभयो । यसैगरी कास्कीको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन लाहाचोक सबस्टेशनको सबै काम सम्पन्न भइसकेको छ । उपकरण जडानको सामान्य काम बाँकी रहेकाले एकदेखि डेढ महिनामा चार्ज गर्ने तयारी भइरहेको छ । पर्वत र कास्कीको सीमा भएर बग्ने मोदीखोला र कास्कीमा बग्ने सेतीनदी र मर्दीखोलामा बन्ने विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत्लाई पोखरास्थित सबस्टेशनबाट राष्ट्रिय प्रसारण लाइनमा जोड्न नयाँ प्रसारण लाइन निर्माण भएको हो । मोदी -२ देउपुरबाट कास्कीको पोखरा महानगरपालिका लेखनाथसम्म निर्माण हुने प्रसारण लाइन ४२ किलोमिटर लामो हुनेछ । प्रसारण लाइनमा १३८ टावर रहनेछन् । लाहाचोकबाट लेखनाथसम्मको काम भने बाँकी छ । त्यो क्षेत्रमा २० देखि २५ वटा टावर निर्माणको काम बाँकी रहेको छ । स्थानीयवासीको अवरोधलगायत समस्याका कारण टावर निर्माण हुन नसकेको हो । लेखनाथ सबस्टेशनको कामसमेत अन्तिम चरणमा पुगेको आयोजना प्रमुख अग्रवालले जानकारी दिनुभयो । दुई अर्ब २५ करोडको लागतमा निर्माण हुने प्रसारण लाइन डेढ वर्षभित्र सक्ने लक्ष्य राखिएको भए पनि कोरोना र स्थानीयवासीको अवरोधलगायतका कारण केही समय ढिलाइ भएको हो । यो प्रसारण लाइन निर्माणका लागि सरकार र भारतको एक्जिम बैंकले लगानी गरेका छन् । प्रसारण लाइन निर्माणपछि २०० मेगावट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान गर्न सकिने छ ।


**प्रदेश सरकार**
**भूमि ब्यबस्था, कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्ज़ा**

## शिलबन्दी दरभाउ-पत्र आब्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१६

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र स्याङ्जाको लागी प्रयोगशाला तथा डिस्पेन्सरीको लागी उपकरण आवश्यक परेको हुदाँ ईच्छुक फर्म, ब्यक्ति वा कम्पनीले तपशिल बमोजिमको शर्तको अधिनमा रहीशिलबन्दी दरभाउपत्र पेश गर्नु हुन् सम्बन्धित सबैको लागि आब्हान गरिएको छ ।

**तपशिल :**

१. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालयको समय भित्र नगद रु. १०००।-तिरी (पछि फिर्ता नहुने गरी) कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र खरिद गर्दा नविकरण भएको ईजाजतपत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाण-पत्र, भ्याट दर्ता भएको पत्रको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता, नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. सूचना प्रकाशन भएको १६औं दिन दिनको १२ बजेसम्ममा शिलवन्दी दरभाउ-पत्र यस कार्यालयमा पेश गरीसक्नु पर्नेछ र सोही दिनदिनको १:०० बजे कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा शिलबन्दी दरभाउ-पत्र खोलिनेछ, उक्त दरभाउ-पत्र खोल्ने समयमा दरभाउ-पत्रदाता उपस्थित नभएमा पनि शिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।
४. शिलबन्दी दरभाउ-पत्र साथ शिलबन्दी दरभाउ-पत्रदाताले न्युनतम कबोल अंकको ३ प्रतिशतले हुनआउने रकम धरौटी वापत प्रदेश लेखा इकाई कार्यालयको ने.वै.लि. स्याङ्जा स्थित हि.नं ०७२०२०००००२००३००००01 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको मान्य अवधी भएको वाणिज्य बैक बाट जारी गरिएको जमानतपत्र समावेश गर्नुपर्ने छ ।
५. सामान उपलब्ध गराउने अवधी दरभाउ-पत्र खोली सम्झौता भएको मितिले १ महिनाको हुनेछ ।
६. सामान ढुवानी सम्वन्धी सम्पूर्ण शिलबन्दी दरभाउ-पत्रदाताले गर्नु पर्नेछ ।
७. हुलाक कुरियरबाट आएकोलाई मान्यता दिइने छैन, इन्टरनेटबाट पठाउने सुविधा दिइएको छैन ।
८. पेश हुन आउने दरभाउ-पत्र १0,00000/- (अक्षेरेपी दश लाख मात्र) सिमाभित्रको हुनु पर्नेछ ।
९. सबैभन्दा घटी कबोल अंकभएको दरभाउ-पत्र छनौटको लागि योग्य हुनेछ ।
१०. अन्य जानकारीको लागि कार्यालय समयमा ०६३-४२0१0८ मा सम्पर्क गर्न सकिने छ ।

**कार्यालय प्रमुख**

# राजेश भण्डारीको 'अधुरो यात्रा' सार्वजनिक

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १५ कार्तिक**

स्याङ्जाका गायक राजेश भण्डारीले 'अधुरो यात्रा' नामक सांगितिक कोशेली बजारमा ल्याएका छन् ।

आफैले शब्द सर्जन गरेका गायक भण्डारीले तिहारको सन्दर्भ पारेर 'अधुरो यात्रा' नामक लोकसंगित कोशेली बजारमा ल्याएका हुन् । लोक संगितको उर्भरभुमि स्याङ्जा आफैमा विभिन्न जातजातीको आ–आफ्नै कला र संस्कृति रहेको छ । दाजु बहिनीको पिडादायक कथालाई जोडेर गायक भण्डारीले भिडियो र संगित भरेका छन् । स्याङ्जा वालिङ ७ पैदीखोलाका गायक भण्डारी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल जिल्ला स्याङ्जाका सचिव पनि हुन् । स्याङ्जाको वालिङमा जन्मिएका गायक भण्डारीले वालिङ नगरपालिका भित्र विभिन्न क्षेत्रलाई समेटेर यो गितको छायाङ्कन गरेका छन् । संगित मार्फत दाजु बहिनीको मायाप्रेम र जन्मगाँउमो भिडियो मार्फत छायाङ्कन गरी चिनाउने भुमिका महत्वपुर्ण हुने विश्वास लिएर एलबम बजारमा ल्याएको गायक भण्डारीले बताए । आफ्नो निर्देशनमा तयार पारिएको छायाङ्कनमा नव प्रतिभा शिला गोतामे, श्रृष्टि विश्वकर्मा, सलिना थापा वालिङ्का स्थानीय हुन भने दाजु बनेर भिडियोमा खेलेका सुर्य पन्थी गल्मीका हुन् । नव प्रतिभाको खोजी सगै उनीहरुको कलाक्षेत्रमा थप उत्साहा थप्न टेवा पुगेको उनले बताएका छन् । उनीहरु उक्त भिडियोमा दाजु, बहिनी पागल भएको देखाईएको छ । गितको बोल अनुसार बहिनी मन्दिरमा पुजा गर्न जादा जवरजस्तीमा पर्नेछन् । बहिनीको त्यो अवस्था दाजुले देख्ने छन् । बहिनीलाई बचाउन जादा उनी आक्रमणमा परेर घाईते हुन्छन् । दाजुको अभिनय सुर्य पन्थीले गरेका छन् भने बहिनीको अभिनय शिला गोतामेले गरेकी छन् । त्यस्तै डाक्टरको अभिनय श्रृष्टि विश्वकर्माले र नर्सको अभिनय सलिना थापाले भुमिका दिएकी छन् । उक्त संगितमा स्वर भण्डारीले एकल दिएका छन् भने भिडियो मिक्सिङ नरेश पाण्डेले गरेको उनले बताए । यस एलबमले दाजु बहिनी प्रति हुने मायाका बारेमा भन्न खोजीएको देखिएको छ । तिहार दाजु भाई, दिदि बहिनीको चाड भएकाले मौसम सुहाउदो एलबम बजारमा आएको अनुमान दर्शक, श्रोताले लगाएका छन् ।

# फोनिज स्याङ्जाको संयोजकमा गुरुङ

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १५ कार्तिक**

नेपाल आदीवासी जनजाती पत्रकार महासंघ (फोनिज) स्याङ्जाको संयोजकमा तिलक गुरुङ् चयन भएका छन् ।

आदीवासी जनजाती पत्रकार महासंघ स्याङ्जाको भेलाले गुरुङ्लाई तदर्थ समितिको संयोजकमा चयन गरेको हो । गुरुङ् ग्रामिण क्षेत्रमा बसेर पत्रकारीता गर्दै आएका व्यक्ति हुन् । त्यसैगरी भेलाले सात सदस्यीय तदर्थ समिति गठन गरेको छ । यसको उपसंयोजकमा अप्सरा राना सचिवमा इशा राना, सदस्यहरुमा अस्मिता राना, सिता थापा, प्रमोद गुरुङ र जमुना गुरुङ् चयन भएका छन् । नेपाल आदीवासी जनजाती पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष एमवि आस्था मगरको अध्यक्षमा भएको भेलाको प्रमुख आथित्यता वालिङ नगर प्रमुख दिलिपप्रताप खाँण र बिषेश आथित्यता उपप्रमुख कल्पना तिवारीले गरेका थिए । गठन भएको तदर्थ समितिले भदौ २५ गतेभित्र जिल्ला अधिवेसन गर्नुपर्ने छ । भेलामा वालिङ नगर उपप्रमुख कल्पना तिवारी, आदीवासी जनजाती महासंघ गण्डकी प्रदेश इन्चार्ज होमबहादुर गुरुङ, नेपाल पत्रकार महासंघका स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, नेपाली काँग्रेस वालिङ नगर समितिका उपसभापति पदमराज गुरुङ, नेपाल प्रेस युनियनका अध्यक्ष प्रदिप कोइराला, प्रेस चौतारीका अध्यक्ष मुक्ति न्यौपाने लगायतका बक्ताहरुले आफ्नो हक अधिकारीका लागि आदीवासी पत्रकारहरु संगठित हुनु राम्रो पक्ष रहेको बताएका थिए ।

पत्रकार उत्पादनका लागि तालिम आवश्यक देखिएकाले जिल्ला अधिवेसन पछि तालिम संचालन हुने प्रतिवद्धता प्रदेश अध्यक्ष एमवि आस्थाले गरे । नेपालकै पहिलो ग्रामिण पर्यटकीय गाँउ सिरुवारीमा ग्रामिण पर्यटन प्रवर्द्धन तथा पत्रकार अभिबृद्धि बिषयक अन्तक्रिया समेत सम्पन्न गरेको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००३/१२/०६ गते

स्वर्गारोहणः वि.स. २०७८/०२/१६ गते

सु. मे. स्व. प्रेमबहादुर गुरुङ

पोखरा महानगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने हिमाली टोल विकास संस्थाका आजीवन सदस्य सु. श्री कल्याण गुरुङका पिता यस संस्थाका भू.पू. अध्यक्ष वर्तमान सल्लाहकार **सु. मे. प्रेमबहादुर गुरुङ** को ७५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण टोलवासीहरु अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । परम्परादेखि चलि आएको आज उहाँको पितृ कार्य (अर्घौ)को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रर्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**क्या. तेजबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**हिमाली टोल विकास संस्था परिवार**
**हिमाली मार्ग पोखरा-१३, कास्की**

# निरन्तर क्रियाशील भए मात्रै पार्टी स्वस्थ हुन्छ : वरिष्ठ नेता राई

**पोखरापत्र संवाददाता**
**दमौली, १५ कार्तिक**

जनता समाजवादी पार्टीका वरिष्ठ नेता अशोक राईले निरन्तर क्रियाशील, गतिशिल भए मात्रै पार्टी स्वस्थ हुने बताउनुभएको छ । जनता समाजवादी पार्टी तनहुँले आज दमौलीमा आयोजना गरेको पार्टी सुदृढीकरण तथा जनपरिचालन (सुज) अभियानलाई सम्बोधन गर्दै वरिष्ठ नेता राईले क्रियाशीलता र गतिशिलताले पार्टीलाई उपलब्धीमूलक बनाउने बताउनुभयो ।

राईले क्रियाशील नहुने, कार्यक्रम नगर्ने, योजना नबनाउने र गुनासो मात्रै गरेर बसे पार्टी नबन्ने बताउनुभयो । मङ्सिर मसान्तसम्म सुज अभियान भनिए पनि त्यसपछि पनि उक्त अभियानलाई निरन्तर जारी राख्नुपर्नेमा राईले जोड दिनुभयो । केन्द्र र प्रदेश सरकारमा जसपाको प्रतिनिधित्व रहेकाले उक्त अवसरलाई सदुपयोग गर्नुपर्नेमा राईले आग्रह गर्नुभयो ।

कार्यक्रममा जसपाका नेता एवं पूर्वमन्त्री हिसिला यमी, केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सरकारका जलस्रोतमन्त्री हरिशरण आचार्य, पूर्वमन्त्री शिवलाल थापा लगायतले सुज अभियानमार्फत पार्टीको सङ्गठनलाई मजबुत बनाइने बताउनुभयो ।

# पदयात्रीको उद्धार

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ कार्तिक**

म्याग्दीको हिडन भ्यालीबाट मुस्ताङ जाने पदमार्ग पहिल्याउन नसकेर अलपत्र परेका तीन स्पेनी नागरिकसहित नौ जनालाई मुस्ताङ प्रहरीले हेलिकप्टरमार्फत उद्धार गरी सोमबार जोमसोम विमानस्थतल लगेको छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार हिमपातका कारण बाटो पहिल्याउन नसकी अलपत्र परेका तीन विदेशीसहित छ जना नेपालीको उद्धार गरिएको हो । मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक रामकुमार दानीले हिडन भ्यालीमा तीन स्पेनी र छ नेपाली गाइड अलपत्र परेपछि उद्धार गरी जोमसोम विमानस्थल ल्याइएको जानकारी दिनुभयो ।

नौ जनालाई फिस्टेल एयरको हेलिकप्टरले तीनपटक ओसारेर मुस्ताङको जोमसोम लगेको थियो । उद्धार गरिएकामध्ये तीनै जना स्पेनी नागरिक र एक नेपाली भने आजै काठमाडौँ गएको जनाइएको छ । हिमाली क्षेत्रमा चिसो बढ्नुका साथै हिमपात सुरु भएको छ । म्याग्दी र मुस्ताङका उच्च लेकाली क्षेत्रमा हिमपात भएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २०३८/१०/०८ गते

स्वर्गारोहणः वि.स. २०७८/०७/०३ गते

स्व. योगेन्द्रप्रसाद गुरुङ (नरेश गुरुङ)

पोखरा महानगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने हिमाली टोल विकास संस्थाका आजीवन सदस्य सु. श्री कल्याण गुरुङका कान्छा भाइ **योगेन्द्रप्रसाद गुरुङ (नरेश गुरुङ)** को ४० वर्षको उमेरमा भएको असामयीक निधनले हामी टोलवासीहरु अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । परम्परादेखि चलि आएको आज उहाँको पितृ कार्य (अर्घौ)को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रर्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**क्या. तेजबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**हिमाली टोल विकास संस्था परिवार**
**हिमाली मार्ग पोखरा-१३, कास्की**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००३/१२/०६ गते

स्वर्गारोहणः वि.स. २०७८/०२/१६ गते

सु. मे. स्व. प्रेमबहादुर गुरुङ

कास्की जिल्ला साविक आर्वाविजय गा.वि.स. वडा नं. ८ (हाल पोखरा-१३) पोखरी स्वारा गाउँ पुख्यौली घर भई हाल पोखरा महानगरपालिका वडा नं.१३ हिमालीमार्ग निवासी यस मिलिजुली विजयपुर तमू समाजका आजीवन सदस्य सु. श्री कल्याण गुरुङका पिता यस समाजका भू.पू. अध्यक्ष वर्तमान सल्लाहकार **सु. मे. प्रेमबहादुर गुरुङ** को ७५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । आज उहाँको पितृ कार्य (अर्घौ)को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्ध, आजीमाँ, आजीखे तथा कुल पितृले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ना.सु. खड्गबहादुर गुरुङ**
**कार्यवाहक अध्यक्ष एवं**
**मिलिजुली विजयपुर तमू समाज परिवार**
**जयगंगामार्ग पोखरा-१३, कास्की**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २०३८/१०/०८ गते

स्वर्गारोहणः वि.स. २०७८/०७/०३ गते

स्व. योगेन्द्रप्रसाद गुरुङ (नरेश गुरुङ)

कास्की जिल्ला साविक आर्वाविजय गा.वि.स. वडा नं. ८ (हाल पोखरा-१३) पोखरी स्वारा गाउँ पुख्यौली घर भई हाल पोखरा महानगरपालिका वडा नं.१३ हिमालीमार्ग निवासी यस मिलिजुली विजयपुर तमू समाजका भू.पू. अध्यक्ष वर्तमान सल्लाहकार सु.मे.स्व. प्रेमबहादुर गुरुङका कान्छा छोरा **योगेन्द्रप्रसाद गुरुङ (नरेश गुरुङ)** को ४० वर्षको उमेरमा भएको दुःखद निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । आज उहाँको पितृ कार्य (अर्घौ)को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्ध, आजीमाँ, आजीखे तथा कुल पितृले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ना.सु. खड्गबहादुर गुरुङ**
**कार्यवाहक अध्यक्ष एवं**
**मिलिजुली विजयपुर तमू समाज परिवार**
**जयगंगामार्ग पोखरा-१३, कास्की**